प्रतिदिन १७ औं वार्षिकोत्सव
राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।
- निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ३२५ ॥ २०८२ माघ १४ गते बुधबार (28th Jan 2026 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

### हतियार र थुनुवा नियन्त्रण बाहिर
# निर्वाचनको सुरक्षाप्रति प्रहरी विश्वस्त

झापा, माघ १३ । झापामा जेनजी आन्दोलनमा लुटिएका सबै हतियार र फरार थुनुवा प्रहरीको नियन्त्रणमा नआएपनि प्रहरी प्रशासनले निर्वाचन शान्तिपूर्ण हुने कुरामा विश्वास दिलाउन खोजेको छ । राष्ट्रिय तथा अन्तर ीष्ट्रिय क्षेत्रमा अत्यन्त चासोका साथ हेरिएको झापाको निर्वाचनलाई भयरहित र सुरक्षित बनाउने ठूलो चुनौती छ। तर , जिल्लाको सुरक्षा निकायले निर्वाचन शान्तिपूर्ण हुने दावी गरेको हो । जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय बिर्तामोड र इलाका प्रहरी कार्यालय दमकबाट १०३ थान हतियार लुटिएको थियो । त्यसमध्ये अरु फिर्ता भएपनि १६ थान हतियार अझै गायव नै छ । त्यस्तै करिव ९ हजार गोली र पाँच दर्जनजति अश्रुग्यास बेपत्ता रहेको छ । हतियारसंगै जेनजी आन्दोलनका बेला प्रहरी कार्यालयहरुबाट भागेका ३१ जना थुनुवालाई प्रहरीले अझै पक्राउ गर्न सकेको छैन । बिर्तामोड, झिलझिले र दमक प्रहरीको हिरासतबाट भदौ २४ गते ७२ जना थुनुवा फरार भएका थिए। त्यसमध्ये ४१ जना पक्राउ परेको र ३१ जना फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। अर्कोतर्फ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका १२३७ वटा हतियारमध्ये कुनै पनि हतियार प्रहरी प्रशासनमा बुझाइएको छैन। जिल्ला प्रशासन कार्यालयले दुईपटक सूचना जारी गरेपनि हतियारधनीहरुले आफ्ना हतियार प्रहरी प्रशासनमा नबुझाएका हुन् । वैध र अवैध हतियार , फरार थुनुवा,खुल्ला सिमाना, कडा चुनावी प्रतिष्पर्धा, लागूऔषधको विकराल समस्याजस्ता कारणले झापामा आगामी निर्वाचनलाई शान्तिपूर्ण ढंगले सम्पन्न गर्न ठूलो चुनौती देखिएको हो। यद्यपि प्रहरीले शान्तिपूर्ण हुने दावी गरेको छ ।



महिला प्रहरीका रूपमा पहिलो पटक झापा प्रहरीको कमाण्ड सम्हाल्न आएकी प्रहरी उपरीक्षक (एसपी) बसुन्धरा खड्काले आगामी प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गरी सुरक्षा व्यवस्थामा कुनै कसर बाँकी नराखिने बताएकी छन्। मंगलबार दिउँसो जिल्ला प्रहरी कार्यालय झापामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै एसपी खड्काले फागुन २१ गते हुने निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन पहिलाको सुरक्षा योजनालाई परिमार्जन गरी एकीकृत विशेष सुरक्षा योजना तयार गरिएको जानकारी दिइन्। उनका अनुसार संवेदनशील निर्वाचन क्षेत्रलाई प्राथमिकतामा राख्दै उच्च मनोबलका साथ प्रहरी परिचालन गरिनेछ।

उनले चुनावी अवधिभर जिल्लाका गाउँ-गाउँमा सादा पोशाकका प्रहरी परिचालन गरिने र प्रत्येक गतिविधि सूक्ष्म ढंगले निगरानी गरिने बताइन्।

जिल्लामा हाल करिब ११ सय प्रहरी कार्यरत छन् ।कोशी प्रदेश प्रहरी कार्यालयबाट सयजना जनशक्ति थप भएको उनले जानकारी दिइन्। प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको जिल्ला सुरक्षा समितिसँग समन्वय गर्दै नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायले आ-आफ्नो तहबाट चुनाव लक्षित सुरक्षा योजना कार्यान्वयन गरिरहेको एसपी खड्काको भनाइ छ। हराएका हतियार र फरार थुनुवाबाट चुनावमा कुनै पनि प्रकारको जोखिम हुन नदिनेमा प्रहरी सजग रहेको भन्दै उनले लुटिएका हतियारको खोजी तीब्र पारिएको जानकारी दिइन् । त्यस्तै गंभीर अपराध गरेर फरार भएका थुनुवाहरुको सक्रियताका साथ खोजी भइरहेको बताइन् ।

एसपी भएपछि तेस्रो जिल्लाको कमाण्ड सम्हाल्न झापा आइपुगेकी खड्काले शान्ति सुरक्षा, कानून कार्यान्वयन र जनताको भरोसा जित्ने आफ्नो प्रमुख प्राथमिकता रहेको बताइन्। एसपी खड्का झापाकी ४६ औं प्रहरी उपरीक्षक हुन्। यसअघिका एसपी राजन लिम्बू काठमाडौं सरुवा भएपछि उनले झापाको कमाण्ड सम्हालेकी हुन्। नियमित रुपमा भएको आफ्नो सरुवालाई लिएर कुनै पनि संदेह नगर्न आग्रह गर्दै उनले निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गराउने जिम्मेवारीलाई विगतको अनुभवको आधारमा कुशलतापूर्वक पूरा गर्ने दावी गरेकी छन् । पत्रकार सम्मेलनको सहजीकरण झापा प्रहरीका प्रवक्ता डीएसपी खगेन्द्रबहादुर खड्काले गरेका थिए।

# सशस्त्र प्रहरी उपरीक्षक भण्डारीको सरुवा,जोशी आउँदै

झापा, माघ १३ । सशस्त्र प्रहरी बल नं. २ गण हे. क्वा. झापा भद्रपुरका प्रमुख, सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारीको सरुवा भएको छ । उनी दंगा नियन्त्रण रेजिमेन्ट गण काठमाडौं सरुवा भएका हुन् । उनको ठाउँमा २ नं बाहिनी छिन्नमस्ता गण बर्दिबासबाट अम्बिकाप्रसाद जोशी आउने भएका छन् । त्यस्तै कमलको पाडाजुँगीस्थित पाथीभरा शिक्षालयमा रहेको ३८ नं गणका प्रमुख, सशस्त्र प्रहरी उपरीक्षक निरन्जन भण्डारीको पनि सरुवा भएको छ । उनको ठाउँमा दिनेश बस्नेत आउने भएका छन् । सरुवा भएर जान लागेका सशस्त्र प्रहरी बल नं. २ गण हे. क्वा. भद्रपुरका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक भण्डारीलाई झापा उद्योग वाणिज्य संघले फेरि भेटौंला कार्यक्रमसहित सम्मान गरेको छ ।संघको सभाहलमा मंगलवार एक कार्यक्रम



आयोजना गरी सशस्त्र प्रहरी उपरीक्षक भण्डारीलाई सम्मान गरिएको हो । एकवर्षे कार्यकालमा झापामा विवादरहित ढंगले उद्योगी-व्यवसायीलगायत झापाली नागरिकलाई शान्ति-सुरक्षाको प्रत्याभूति गराउन, चोरी पैठारी-निकासी नियन्त्रण, लागूऔषध प्रयोग तथा कारोबार नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा एसपी भण्डारीलाई सम्म्मापत्रसहित मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा संघका कार्यवाहक अध्यक्ष एवम् झापा औद्योगिक व्यापार कृषि तथा पर्यटन महोत्सव मूल आयोजक समितिका संयोजक राजकुमार राईले एसपी भण्डारीलाई सम्मानपत्रसहित मायाको चिनो हस्तान्तरण गरेका थिए । कार्यक्रममा संघका विशिष्ट सदस्य खडकबहादुर लिम्बू, उपाध्यक्ष बाबुराम पराजुली, उपाध्यक्ष सञ्जयकुमार श्रेष्ठसहित पदाधिकारी-सदस्यहरुले एसपी भण्डारीलाई खादा र अबिर पहिर्‍याएर सम्मान गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव सुमन्त मैनालीले गरेका थिए ।

# चोरीका गहना र लागूऔषधसहित चारजना पक्राउ

झापा, माघ १३ । चोरीका सामान र लागूऔषधसहित दमकमा चारजना पक्राउ परेका छन् ।

गत माघ ७ गते अन्दाजी दिउँसो ३;४० बजे दमक ५ चाँदनी टोल बस्ने कमल चम्लागाईको घरबाट अपरिचित व्यक्तिहरुले १ तोलाको सुनको चुरा , ६ आनाको सुनको नौगेडी , ६ आनाको तिलहरी , ५ आनाको सुनको औंठी र आधा तोलाको सुनको औंठी , १० आनाको सुनको कानमा लगाउने झुम्का र नगद २५ हजार चोरी गरेका थिए ।

घटनाको अनुसन्धान गरी पाउँ भनी कमला चम्लागाईले इलाका प्रहरी कार्यालय दमकमा निवेदन दिएकी थिइन् । उक्त निवेदनको आधारमा सीसीटीभी फुटेजलगायतको माध्यमबाट घटनाको अनुसन्धान गर्ने क्रममा शिवसताक्षी २ घर भई हाल दमक ८ बस्ने प्रकाश घतानी र दमक ७ बस्ने कमलबहादुर रन्जितकारले चोरी गरेको सीसीटीभी फुटेजमा देखिएको थियो ।घतानी र रन्जितकारलाई खोजतलास गर्ने क्रममा माघ १० गते दिउँसो ४ बजे दमक ८ बाट फेला पारी पक्राउ गरिएको थियो । उनीहरुलाई प्रारम्भिक सोधपुछ गर्दा उक्त चोरीका केही सुनका गरगहनाहरुमध्ये १ जोर कानमा लगाउने सुनको झुम्का, १ थान सुनको चुरा, १ थान औंठी र १ थान नौगडीको दाना र सानो टुक्रा १ थान प्रकाश घतानीले दमक वडा नं. ८ स्थित आफू बस्ने कोठामा लुकाई छिपाई राखेको बताएका थिए ।

त्यसपछि उक्त घर कोठा खानतलासी गरिएको थियो । त्यसक्रममा सुनका केही गरगहनाहरु बरामद गरी नौ गेडीको २ वटा दाना कमलबहादुर रन्जितकारले लगी आफ्नै बुबा बर्ष ५५ का नरबहादुर रन्जितकारलाई राख्न दिएको समेत बताएका थिए ।

नरबहादुर रन्जितकारलाई माघ १० गते राति ८ बजे दमक १ बाट पक्राउ गरी उनको शरीर तथा घर कोठा खानतलासी गर्दा उनले लगाएको जिन्स पाईन्टको दायाँ गोजीबाट सुनको नौगेडीको २ वटा दानाहरु फेला परेको थियो । त्यसपछि कमलबहादुर रन्जितकारको घर कोठा खानतलासी गर्ने क्रममा कमलबहादुर रन्जितकारकी श्रीमती सन्ध्या हिङमाङले उनीहरु बस्ने घरको झ्यालबाट केही शंकास्पद वस्तु झ्यालबाट फालेकी थिइन् । शंका लागेर उक्त वस्तु फालेको स्थानमा हेर्दा सेतो बट्टाभित्र प्लाष्टिकबाहेक १ ग्राम ५० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

कमलबहादुर रन्जितकार, नरबहादुर रन्जितकार र सन्ध्या हिङमाङलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय दमक ल्याई थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# कांग्रेसको घोषणापत्रमा 'भिजन-१०'

काठमाडौं । नेपाली कांग्रेसले आगामी निर्वाचनका लागि सार्वजनिक गर्ने घोषणापत्रमा 'भिजन-१०' समेट्ने भएको छ। पार्टी प्रवक्ता देवराज चालिसेले घोषणापत्रले मुलुकको यथार्थ अवस्था चित्रण गर्दै सुशासन, विकास र व्यवहारिक कार्ययोजनालाई मुख्य आधार बनाउने जानकारी दिए। स्थानीय तह, क्षेत्र र जिल्लाबाट आएका सुझावलाई एकीकृत गरेर राष्ट्रिय आवश्यकतासँग जोडिने उनको भनाइ छ।

"कांग्रेसले गर्न सक्ने क्षमता, व्यवहारिकता र कार्यान्वयन योग्य कार्यक्रम समेटिएको घोषणापत्र ल्याउँछ," प्रवक्ता चालिसेले भने, "यो घोषणापत्रले हरेक नागरिकको मन छुने, सबै वर्ग,




क्षेत्र र समुदायको भावना अटाउने प्रयास गर्नेछ।"

प्रवक्ता चालिसेले कांग्रेसको घोषणापत्र केवल आकांक्षा र प्रतिबद्धतामा सीमित नहुने, त्यसलाई कार्यान्वयन गर्न आवश्यक स्रोत र उपायसमेत स्पष्ट रूपमा उल्लेख गरिने प्रष्ट पारेका छन्. "घोषणापत्रमा स्रोत व्यवस्थापनका उपायहरू पनि समेटिन्छन्," उनले भने ।

घोषणापत्र निर्माणका क्रममा पार्टीले जिल्ला-जिल्लाबाट सुझाव संकलन गरिरहेको चालिसेले प्रवक्ता चालिसेका अनुसार कांग्रेसको घोषणापत्रले वर्तमान चुनौती र भविष्यको दिशालाई एकैसाथ सम्बोधन गर्दै विश्वासयोग्य विकल्प प्रस्तुत गर्नेछ। पार्टीले घोषणापत्रमार्फत स्थिरता, उत्तरदायित्व र समावेशी विकासको स्पष्ट खाका जनतासामु राख्ने तयारी गरेको छ।

# एसियन हाइवे निर्माण दुई वर्षमा ३५ प्रतिशत

झापा । सडक सञ्जालमार्फत एसियाली राष्ट्रलाई जोड्ने मुख्य उद्देश्यका साथ अगाडि बढाइएको 'एसियन हाइवे' काँकरभिट्टाबाट लौकही सडकखण्डमा निर्माण सुरु भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको छ ।

आइतबारदेखि झापाको पाडाजुँगीबाट पश्चिम सडक पहिलो चरणको एकलेन कालोपत्र सुरु भएको आयोजनाअन्तर्गत पश्चिम खण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले बताए । निर्माण सम्झौता भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको उनले जानकारी दिए ।

प्रमुख प्रजापतिका अनुसार एसियन राजमार्ग नं २ अन्तर्गत काँकरभिट्टाबाट लौकहीसम्मको १२० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ दशमलव ७६ किमी सडक मात्र ठेक्का लागेर काम भइरहेको छ । पूर्वी खण्ड र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको उनले उल्लेख गरे। हालसम्म दुवै खण्डमा गरी करिब २० किलोमिटर एकतर्फी सडकमा पहिलो चरणको कालोपत्र सकिएको छ । आयोजना पूर्वी खण्ड दमक कार्यालयका प्रमुख सुनिलबाबु पन्तले पूर्वीखण्डमा पनि करिब ३५ प्रतिशत काम सम्पन्न भएको बताए।

निर्माण सामग्री उपलब्धतामा सहजता भएमा कामले तीव्रता पाउने पन्तले बताए । पूर्वी खण्डमा बिजुलीका खम्बा सार्ने काम करिब ८० प्रतिशत सकिएको जनाउँदै उनले पश्चिम खण्डमा करिब ४० प्रतिशत मात्र काम भएको बताए। बजार क्षेत्रका खम्बा सार्न बाँकी रहेको आयोजना कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पूर्वी खण्डका ठूला पुल निर्माणमा २३ प्रतिशत प्रगति भएको छ भने पश्चिम खण्डमा २५ प्रतिशत प्रगति भएको छ ।

एसियन हाइवे थाइल्याण्डको बैंककबाट सुरु भई म्यान्मा, बङ्गलादेश, भारत हुँदै नेपालको काँकडभिट्टाबाट पूर्व-पश्चिम राजमार्ग भएर भारतको दिल्ली हुँदै पाकिस्तानको कराँचीसम्म पुग्नेछ । तीन वर्षमा निर्माण सम्पन्न गर्ने योजनाका साथ एशियाली विकास बैंकको आर्थिक सहयोगमा विसं २०८० माघ १९ गतेदेखि सडक निर्माण काम सुरू भएको हो ।

यो आयोजना निर्माणमा ३० करोड अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ । तीन वर्गमा निर्माण हुने उक्त सडक बजार क्षेत्र, जङ्गल क्षेत्र र ग्रामीण क्षेत्र भनेर छुट्याइएको छ । बजार क्षेत्रमा ५० मिटर, जङ्गल क्षेत्रमा २४ मिटर र ग्रामीण क्षेत्रमा ३३ मिटर चौडाइको सडक निर्माण हुनेछ ।

# एसियन हाइवेको काम सुचारु

झापा, माघ १३ । सुरक्षाको प्रत्याभूति नभएको भन्दै पूर्व-पश्चिम एसियन हाइवे विस्तारको काम रोकेको निर्माण कम्पनीले हिजोदेखि सुचारु गरेको छ ।प्रहरी प्रशासनले सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र नियन्त्रणमा लिइएका आफ्ना सवारी साधन छोड्नु पर्ने मागसहित निर्माण कम्पनीले दुई दिन काम रोकेको थियो । संझाई बुझाई सोमवारबाट काम सुचारु गर्न लगाइएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वीखण्ड)का प्रमुख सुनिलबाबु पन्तले बताए ।

निर्माण कम्पनीले कारणसहित काम रोकेको जानकारी गराएपछि आफूहरुले शान्ति सुरक्षाको व्यवस्था मिलाई निर्माण कार्य सुचारु गराउने वातावरणका लागि समन्वय गरिदिन जिल्ला प्रशासन कार्यालयलाई लिखित आग्रह गरेको उनले बताए । माघ १० गते ४ वटा ,



माघ ९ गते एउटा र पुष २३ गते दुईवटा टिपर स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए । नियन्त्रणमा लिइएका ७ वटा टिपरमध्ये पाँचवटा अर्जुनधारा नगरपालिका कार्यालय र दुईवटा सव डिभिजन कार्यालय सुरुङ्गामा राखिएको छ ।

झापामा केही व्यक्तिले अनावश्यक दुःख दिने र हातपात गरेको भन्दै सुरक्षाको कारण देखाएर निर्माण कम्पनीले काम रोकेको जनाएको थियो । सुरक्षाका कारण काम गर्न नसकिएको भन्दै निर्माण कम्पनी एभरसकोन-कालिका जेभीले धम्क्याउने व्यक्तिको नामसहित काँकडभिट्टा-लौकही सडक योजना कार्यालयलाई लिखित रूपमा पत्राचार गरेको थियो । पूर्व-पश्चिम राजमार्ग विस्तार गर्ने काँकडभिट्टा-लौकहीसडकअन्तर्गत काँकडभिट्टादेखि केर्खासम्मको पूर्वखण्डको काम अवरुद्ध भएको थियो ।

काँकडभिट्टादेखि केर्खासम्मको ४५ किलोमिटर सडक निर्माणको ठेक्का १० अर्ब ६ करोडमा एभरस्कोन-कालिका जेभीले ठेक्का लिएको हो । ठेक्का सकिन एक वर्ष बाँकी रहँदा हालसम्म करिव ३५ प्रतिशत प्रगति भएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वीखण्ड) ले जनाएको छ । तोकिएको म्यादभित्र करिव ७५ प्रतिशतसम्म सक्नेगरी निर्माण कार्य भइरहेको जनाइएको छ ।

# आचारसंहिता उल्लंघन गर्ने १५ जनालाई स्पष्टीकरण

काठमाडौँ । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा राजनीतिक दल, उम्मेदवार, सामाजिक संस्था र विद्यालय गरी विभिन्न सात व्यक्ति तथा निकायलाई स्पष्टीकरण सोधेको छ । नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार जानुका पाठक (शोभा पाठक) लाई सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टीविरुद्ध गाली, भ्रामक वा द्वेषपूर्ण र व्यक्तिगत मानहानी गर्ने सामग्री प्रसारण गरी आचारसंहिताको उल्लङ्घन हुने कार्य गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिए ।

जसअन्तर्गत निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ञ) र (ण) उल्लङ्घन गरेको हो वा होइन भनी उनलाई आयोगले स्पष्टीकरण सोधेको हो ।

त्यसैगरी श्रम संस्कृति पार्टीलाई पनि आयोगले दलको लोगो, नाम, चिह्न र उम्मेदवारको तस्बिर अङ्कित टिसर्ट लगाई बालबालिकाको प्रयोग गरेर आचारसंहिताको उल्लङ्घन गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको उनले बताए। यसबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन भएको ठहर गर्दै आयोगले स्पष्टीकरण सोधेको हो ।

जनसेवा पार्टीकै अर्का उम्मेदवार कमल भुसाल (डा निकोलस) लाई पनि आयोगले सामाजिक सञ्जाल समेतमा सार्वजनिक गरेको जुत्ता सम्बन्धमा जेनजी आन्दोलनमा रगतमा लतपतिएको भाइरल जुत्ता अमुक व्यक्तिको रहेको र सो जुत्ता दरुपयोग भएको भनी उजुरी पर्न आएकाले आयोगले स्पष्टीकरण सोधेको छ ।




नेपाल स्वास्थ्य स्वयमूसेवक संघलाई ट्रेड युनियनको अधिवेशन गर्न लागेको भन्ने विषयको उजुरी प्राप्त भएकाले यसमा के कसो भएको हो ? कुन मितिमा अधिवेशन गर्न लागेको हो भनेर स्पष्टीकरण सोधेको आयोगले जनाएको छ । आयोगले स्वास्थ्य स्वयम्सेवक सङ्घलाई तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ । आधारभूत विद्यालय, श्रीसिया, आदर्शचोकलाई विद्यालयमा कार्यरत बालविकास शिक्षिका सन्तोषी गुप्तालाई एवं जोरजुलम करकाप प्रयोग गरी सरुवा गरिएको भन्ने व्यहोराको उजुरी प्राप्त भएकाले यस विषयमा के कसो भएको हो ? भनी स्पष्टीकरण सोधिएको छ । निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (च) अनुसार सो विद्यालयलाई स्पष्टीकरण सोधिएको पनि आयोगले जनाएको छ । विद्यालयलाई दुई दिनभित्र स्पष्टीकरण पेस गर्न आयोगले निर्देशन दिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बस्नेतलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ । मधेसी समुदायको संस्कृति र पहिचानमाथि प्रहार, भाषिक नश्लवाद र घृणास्पद अभिव्यक्ति दिएकाले कारबाही गरी पाऊँ भन्ने विषयको उजुरी पर्न आएकाले उजुरीमा उल्लेख गरिएजस्तो अभिव्यक्ति दिएको हो वा होइन भनी आयोगले स्पष्टीकरण सोधेको हो ।

यसबाट नेपालको संविधानको धारा १८, निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), सोही आचारसंहिताको दफा १३ को उपदफा (१) को (ञ), मुलुकी अपराधसंहिता, २०७४ को दफा १५६ र विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को पनि उल्लङ्घन भएको हो होइन भनी आयोगले बस्नेतसँग जवाफ माग गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेन्द्र शाहलाई सार्वजनिक बहसका लागि एमाले अध्यक्षले सामाजिक सञ्जालमा राखेको विषयमा लेखेको प्रतिक्रियाका बारेमा स्पष्टीकरण सोधेको आयोगले जनाएको छ । आयोगले यसअघि निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने दल, उम्मेदवार, सामाजिक संस्था, सरकारी निकायलगायत आठवटा निकायलाई स्पष्टीकरण सोधेको थियो । मंगलवारसमेत गरी आयोगले आचारसंहिता विपरीत काम गरेको उजुरी आएको भनी १५ वटा स्पष्टीकरण सोधेको छ । त्यसमध्ये हालसम्म एउटाको मात्र जवाफ प्राप्त भएको जनाइएको छ ।

# रोकिएको सेवा चलाउन बिमा बोर्डले माग्यो थप एक अर्ब

काठमाडौँ । दावी भुक्तानी नपाएको भन्दै स्वास्थ्य बिमामार्फतको सेवा रोकेका सेवाप्रदायक स्वास्थ्य संस्थासँग बिमा बोर्डले पुनः बिमाको सेवा खुलाउने पहल गरेको छ। पछिल्लो समय बोर्डको दररेट नमिलेको, ४० करोड जति दावी भुक्तानी नपाएको भन्दै बिमामार्फतको सेवा दिने प्रमुख विशिष्टीकृत सेवा दिने त्रिवि शिक्षण अस्पताल (टिचिङ) ले यही माघ १ गतेदेखि बिमामार्फतको सम्पूर्ण सेवा रोकेको छ।

टिचिङ अस्पताल परिसरमा नै रहेको बिमामार्फतको अर्को विशिष्टीकृत सेवा दिने मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले पनि बिमामार्फतको सेवा रोकेको छ। बाँसवारीस्थित गंगालाल लगायतका अस्पतालले पनि यसअघि बिमा रोक्ने जनाइसकेको छ।

बिमा आर्थिक स्रोत नभएको र सेवाप्रदायक स्वास्थ्य संस्थालाई समयमै दावी भुक्तानी दिन नसक्दा बिमा बोर्डका कार्यकारी निर्देशक डा. रघुराम काफ्लेले राजीनामा दिइसकेका छन्।

डा. काफ्लेले राजीनामा दिएपछि हालै मात्र स्वास्थ्य मन्त्रालयले निमित्त कार्यकारी निर्देशकमा मन्त्रालयकै नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख रहेका डा. कृष्णप्रसाद पौडेल नियुक्त गरिएसँगै सेवा रोकिएका अस्पतालहरुको सेवा सुचारु गर्ने विषयमा छलफल भएको छ।

पछिल्लो समय बोर्डका निमित्त निर्देशक डा पौडेलले बोर्डका अध्यक्ष चन्द्रबहादुर थापा र स्वास्थ्य मन्त्रालयका नीति योजना महाशाखा प्रमुख डा चुमनलाल दासले त्रिवि टिचिङ अस्पताल पुगेर छलफल गरेका छन्। स्वास्थ्य मन्त्रालयले टिचिङ, मनमोहन सेन्टर लगायत विशिष्टीकृत सेवा दिने ठूला अस्पताललाई दिनुपर्ने दावी भुक्तानीका लागि अर्थ मन्त्रालयसँग रकम मागिसकेको छ। तत्कालका लागि अर्थ मन्त्रालयसँग एक अर्ब जति रकम मागिएको बोर्डका निमित्त निर्देशक डा पौडेलले बताए।

बोर्डका निमित्त निर्देशक डा पौडेलले भने ‘ बिमामा देखिएको समस्यालाई तत्कालीन र दीर्घकालीनरुपमा समस्या समाधान गर्नुपर्ने अवस्था छ, किनकि हाल केही




ठूला सेवाप्रदायक स्वास्थ्य संस्थाले सेवा दिएबापतको शोधभर्ना नपाएको भन्दै सेवा रोकेको अवस्था छ। यो समस्या समाधानको लागि हामीले तत्काल अर्थ मन्त्रालयसँग एक अर्ब जति रकम मागेका छौं। यो रकम केही दिनमै आउँछ होला ।आउनेबित्तिकै अस्पतालहरुलाई भुक्तानी गरिन्छ।’

यस्तै दररेटको विषयमा देखिएको समस्या समेत अब विस्तारै समाधान गरिदै जाने निमित्त निर्देशक डा. पौडेलले बताए।

बिमा बोर्डले भने बिमामार्फतको सेवा दिइरहेका अस्पतालहरुले सेवाको प्याकेजमा मनलाग्दी गर्दा अप्ठ्यारो हुने बताउँदै आएको छ। विशेषगरी इमर्जेन्सी सेवा लिन आएको बिरामीको ओपीडीमा मागदाबी हुने भए पनि इमर्जेन्सीमा बिमामार्फतको सेवा लिएका बिरामीको अस्पतालहरुले ओपीडीमार्फतको भन्दै भुक्तानी दावी गर्छन्। बिमाको प्याकेजमा इमर्जेन्सी सेवामा भन्दा ओपिडी सेवाको मूल्य दोब्बरले बढी छ।

यस्तै मुटुको भल्भ फेर्ने जस्ता शल्यक्रियामा बीमाले दुई लाख रुपैयाँ कभर गरे पनि अस्पतालले बिरामीसँग पनि रकम लिन्छन् र बोर्डमा पनि दाबी गर्छन्। दोहोरो भुक्तानीको यही खेलले स्वास्थ्य बीमालाई असफलताको दिशामा धकेलिरहेको छ। यति मात्रै होइन विज्ञहरुको सहयोगमा बोर्डले तयार गरेको दररेट समेत बोर्डले मान्दैन। त्यसैले बिमाको सेवाका लागि केही नीतिगत सुधार गर्नैपर्ने विज्ञहरुले बताउँदै आएका छन्।

यता स्वास्थ्य तथा जनसंख्यामन्त्री डा सुधा शर्माले पनि वित्तीय असन्तुलन हुँदा सयमै भुक्तानी गर्न नसक्दा बिमामार्फतको सेवा कमजोर हुँदै गएको बताएकी छन्। आफ्नो तीनमहिने कार्यकालमा भएका कामकारबाहीबारे जानकारी दिन आइतवार मन्त्रालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री शर्माले भनेकी थिइन् ‘जनतालाई सुलभरुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सहयोग गर्ने राम्रो कार्यक्रम हो स्वास्थ्य बिमा तर यसमा ठूलो रूपमा रहेको वित्तीय असन्तुलनले गर्दा समयमै भुक्तानी गर्न नसक्दा बिमा मार्फतको सेवा प्रभावकारी हुन सकेको छैन। त्यसैले तत्काल भनेको रोकिएको सेवा सेवा सुचारु गर्ने हो भने त्यसपछि बाँकी समस्या समाधान गर्दै जानुपर्छ।’ पछिल्ला वर्षहरूमा बिमामा आर्थिक समस्या ठूलो रूपमा देखिने गरेको छ।

वार्षिक रूपमा प्रिमियमबापत करिब ४ अर्ब उठाउने बिमाको बार्षिक खर्च भनेको यसको ६ गुणा बढी अर्थात् २४ अर्ब छ। चालू आर्थिक वर्षमा सरकारले स्वास्थ्य बिमा बोर्डलाई १० अर्ब रुपैयाँ दिएको थियो। तर चालु आवको पहिलो चार महिनामै त्यो रकम पनि सेवाप्रदायक संस्थाहरुलाई तिरेरै सकिसकेको छ। अझै ५१० सेवाप्रदायक संस्थालाई करिब ११ अर्ब रुपैयाँ तिर्न बाँकी रहेको बोर्डले जनाएकेको छ। गत कात्तिकमा बोर्डले सरकारसँग कार्तिकमा अस्पतालहरुलाई भुक्तानी दिन ७ अर्ब २५ करोड अनुदान मागे पनि जम्मा एक अर्ब मात्रै पाएको थियो।

## योग्य...

अन्त्यमा, राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टी हुँदैमा, राम्रो काम गरेको प्रभाव भएको व्यक्तिलाई आँखा चिम्लेर जनताले भोट हाल्नेछन् भन्ने बुझ्नु सही होइन । भोट एक, प्रभाव अनेकबाट प्रभावित भई मतदान गर्ने गर्दछन् ।

समय परिवर्तनशील छ, नयाँ पुस्तालाई राजनीतिप्रति चासो छैन, उनीहरूमा वितृष्णा छ भन्दै गर्दा जेनजी विद्रोहले सबैलाई झस्काएको छ, आँखा खोलिदिएको छ । योग्य, नैतिकवान उम्मेदवार र राम्रो नीति भएको पार्टीलाई जनताले भोट दिँदैनन् भन्ने होइन, तर भोट दिने नेपालीहरूको मापदण्डहरू: पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोता, अप्ठ्यारो परेको समयमा कसले सहयोग गऱ्यो भन्ने आधार, आफ्नो शत्रुको ठीकविपरीत धारमा उभिने प्रवृत्ति, कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन्छ, भोलि जेलनेल पक्राउ पर्दा कसले सहयोग गर्न सक्दछ भन्ने आडभरोसा, छरछिमेक वरपर साथीसंगीको प्रभावका कारण मतदान गर्ने गर्दछन् ।

अझ पैसाले भोट किन्ने विकृतिले पैसा खर्च गर्ने उम्मेदवारले जित्ने र राम्रो र योग्य पराजित हुने गर्दछन् । उम्मेदवार र राजनीतिक पार्टीले चुनाव जित्न साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर चुनावमा होमिँदा अनपेक्षित खर्च हुने कारण कतिको घरव्यवहार बिग्रने, उठिबास हुने आदि घटनाहरू भएकाले त्यसरी होमिँदै गर्दा उम्मेदवारले आम नेपालीहरूको मतदान गर्ने मापदण्डलाई पनि समयमै ख्याल गर्नु वाञ्छनीय हुन्छ ।

लोकतन्त्रमा योग्य उम्मेदवार हार्नुको मुख्य कारण उम्मेदवार कमजोर हुनु होइन, मतदाताको निर्णय भावना र स्वार्थद्वारा निर्देशित हुनु हो । रातोपाटीबाट

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार दक्षिणः विसारथ थपलियाको नाममा जारी गरिएको ।

साविक गरामनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ७ बस्ने श्री लक्ष्मी सुनुवारले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ७ | १८००१ ६२ | ९०० | ३३८.६३ | २०८२/ ०८ /०१ | २०८२/ ०८ /०१ | २०८२/ ०८ /२९ |

# युवराज सफल पक्राउ

झापा, माघ १३ । युवराज सफल भनिने युवराज पौडेललाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले मंगलवार उनलाई काठमाडौँबाट पक्राउ गरिएको बताए ।



महान्यायाधिवक्ता र महान्यायाधिवक्ता कार्यालयविरुद्ध सामाजिक सञ्जालबाट तथ्यहीन आरोप लगाएको भन्ने विषयमा अनुसन्धानका लागि पौडेललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनलाई मंगलवार नै अदालतमा पेस गरी अनुसन्धानका लागि तीन दिनको म्यादसमेत लिइएको प्रवक्ता भट्टराईले बताए ।

महान्यायाधिवक्ताको कार्यालयले यही माघ ८ गते नै पौडेलमाथि अनुसन्धान गरी कारबाही गर्न पत्राचार गरेका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । पौडेलविरुद्ध विद्युतीय अपराधको कसुरमा अनुसन्धान सुरु भएको छ ।

## भद्रपुरका पूर्व जनप्रतिनिधि राजवंशीको निधन

झापा, माघ १३ । भद्रपुरका पूर्व जनप्रतिनिधि शनिलाल राजवंशीको ५५ वर्षको उमेरमा सोमवार बेलुका निधन भएको छ ।

तत्कालीन चन्द्रगढी गाउँ विकास समितिका पूर्व उपाध्यक्ष र भद्रपुर नगरपालिका वडा नं ९ का निवर्तमान वडा अध्यक्ष राजवंशीको सोमवार बेलुका ८ बजे निधन भएको हो । उनी मिर्गौलाको समस्याबाट पीडित रहेका थिए । उनको बुधवार दिउँसो अन्त्येष्टि गरिने परिवारले जनाएको छ ।

## टेलिकमको तार चोर्ने दम्पती धुलावारीमा पक्राउ

झापा, माघ १३ । झापाको मेचीनगर १० धुलावारीमा चोरीमा संलग्न एक दम्पती पक्राउ परेका छन् ।

सोमवार दिउँसो २ बजे मेचीनगर वडा न. १० निन्दा पुलबाट बिर्तामोड -१ बस्ने २७ वर्षीय मकबुल अन्सारी र उनकी श्रीमती २३ वर्षीया सबिना खातुनलाई चोरी गरेको नेपाल टेलिकमको तारसहित पक्राउ गरिएको हो ।

गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी टोली खटिएर चेकजाँच गर्दा उनीहरुको साथबाट अन्दाजी एक लाख मूल्य बराबरको नेपाल टेलिकमको २ बोरा तार , एउटा तार कटर र एउटा ग्लेण्डर मेसिन फेला परेको थियो । उनीहरुलाई नियन्त्रणमा लिई अनुसन्धान गर्दा उक्त तार बिर्तामोड क्षेत्रबाट चोरी भएको भन्ने बुझिएको छ ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्व : सडक, पश्चिम : श्री शान्ता नेम्वाङ, उत्तरः श्री पुष्प देवी खड्का, दक्षिण : सडक को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री कर्णहाङ्ग नेम्वाङले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | ०४ | २७४३ | १८२.०२ | २०८२/ ०९ /१७ | २०८२/ ०९ /१७ | २०८२/ १० /१२ |

**शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
ब्याङडाँडा ,झापा

**जनहितमा जारी सूचना**
**महिला हिंसा अन्त्य गरौं ।**

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचन आचारसंहिता पालना गरौं

जिल्ला प्रशासन कार्यालय झापाले ९ बुँदे निर्वाचन आचारसंहिता जारी गरेको छ। निर्वाचन आयोगले जारी गरेको आचारसंहिता नै जिल्ला प्रशासन कार्यालयले जारी गरेको हो । जुन सबैले पालना गरौं । देश अहिले निर्वाचनको सँघारमा छ। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि मंगलबार उम्मेदवारहरुले मनोनयन दर्ता गराएका छन्। निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक दलका नेता कार्यकर्ताहरु निर्वाचनलाई लक्षित गरी विभिन्न कार्यक्रमहरुमा दौडधुप गर्न थालेका छन् । दल र उम्मेदवारको सूचीमा परेकाहरु मुख धोएर गाउँ–गाउँ पस्न थालिसके । यो समयमा निर्वाचन आयोगले निर्वाचन आचारसंहिता समेत जारी गरेको छ। आचारसंहिता राजनीतिक दल तथा उम्मेदवारलाई मात्र लागु हुन्छ भन्ने अर्थमा बुझ्नु हुँदैन । आचारसंहिता देशभर लागु हुन्छ ।

निर्वाचन आयोगले राजनीतिक दल र उम्मेदवार, राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, नेपाल सरकार र नेपाल सरकारका मन्त्री, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकाय, सबै आमसञ्चारका माध्यमका लागि आचारसंहिता लागू हुने उल्लेख गरेको छ। त्यसैगरी नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायका कर्मचारी र निर्वाचन कार्यमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी, गैरसरकारी संघ/संस्था र निर्वाचन प्रयोजनको लागि आयोगले खटाएको स्वयंसेवकलाई आचारसंहिता लागू हुने स्पष्ट पारेको छ। यो अत्यन्त राम्रो हो । स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनको लागि निर्वाचन आचारसंहिताको पालना हुनु आवश्यक छ। निर्वाचन प्रक्रियामा सहभागी हुने सबै पक्षको सन्तोषजनक नैतिक व्यवहार भयो भने मात्र निष्पक्ष निर्वाचन सम्भव हुने हो।

लोकतान्त्रिक प्रणालीमा निर्वाचन नै देशको भविष्य निर्धारण गने मुख्य माध्यम हो। आचारसंहितालाई बेवास्ता गर्दै नियम विपरीत दलका गतिविधि कुनै पनि अवस्थामा मान्य हुन सक्दैन । आचारसंहिता पालना गर्नु सबैको दायित्व र कर्तव्य हो। निर्वाचन आचारसंहिता विगतका निर्वाचनमा पनि कार्यान्वयनमा ल्याइने गरेकै थियो तर कार्यान्वयनमा भने कमीकमजोरी देखापर्ने गरेका थिए। आचारसंहिता छलेर कार्य भएका गुनासा व्यापक थिए। खास गरी निर्वाचनमा पद र पैसाको दुरुपयोग हुने गरेको थियो । धेरै पैसा खर्च गरेर चुनाव जितेको प्रतिनिधिले पदमा पुगेपछि जनसेवा गर्छ वा आफूले गरेको खर्च उठाउनतिर लाग्छ भन्ने स्पष्टै छ। लागू भएको आचारसंहिता विपरीत जाने छुट कसैलाई पनि छैन। निर्वाचन प्रक्रियामा सहभागी हुने सबैका लागि निर्वाचन आचारसंहिता बाध्यकारी नियम हो। जसको पालना नगरे जोकोही पनि कडा कारबाहीको भागीदार हुनुपर्छ। यसर्थ निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन सबै पक्षले आचरसंहिताको पूर्ण रुपमा पालना गरौं।




# 'ग्रे' लिस्टबाट बाहिरिने प्रयत्न



• कृष्णहरि बाँसकोटा

एफएटिएफ (फाइनान्सिएल एक्सन टाक्स फोर्स) ले नेपाललाई 'ग्रे' लिस्टमा राखेको छ । यसले चिन्ता र चासो बढाएको छ । अमेरिकामा आतङ्कवादीले ट्विन टावरमा विमान ठोकाई ठुलो मात्रामा जनधनको क्षति पुऱ्याएपछि ओइसिडीको पहलमा सम्पत्ति शुद्धीकरण निवारण र अन्तर्राष्ट्रिय आतङ्कवादमा लगानीविरुद्धको विश्वव्यापी ऐक्यबद्धता झाँगिएको हो । यसै सन्दर्भमा नेपाल जस्ता केही अल्पविकसित र विकासोन्मुख मुलुकमा विद्यमान भ्रष्टाचार, मानव तस्करी, कालोबजारी, बिचौलियाको जगजगी, राजनीतिक अस्थिरता जस्ता कारणले ती मुलुकले अवलम्बन गर्नुपर्ने सुझाव प्रस्तावित हुने गरेका छन् । यिनै सुझावको प्रभावकारी कार्यान्वयन नहुँदाको परिणाम हामी 'ग्रे' लिस्टमा परेका छौं । यसमा सुधार भए 'ग्रे' लिस्टबाट हटिन्छ। हालकै स्थितिले निरन्तरता पाए 'ग्रे' लिस्टमै रहिन्छ। यस्तो क्षणमा हाम्रो अवस्था अझै खराब भए 'ब्ल्याक' लिस्ट (पब्लिक स्टेटमेन्ट) मा परिन्छ। यसर्थ सुधारका लागि अघि बढ्नुको विकल्प छैन ।

'ग्रे' लिस्टबाट बाहिरिन सर्वप्रथम सम्पत्ति शुद्धीकरण अनुसन्धान र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीका जोखिमको बुझाइमा एकरूपता आउन जरुरी छ । यसका लागि आमनागरिकले स्रोतबिनाको सम्पत्ति (नगद वा जिन्सी) राख्नु हुँदैन । आमसरकारी निकाय र सङ्गठित संस्थाले बैङ्किङ कारोबारबाहेक नगदमा कारोबार रोक्का गर्नु पर्छ। कुनै व्यावसायिक काम जस्तै चिकित्सा सेवा, इन्जिनियरिङ, बहस पैरवी, लेखापढी, मध्यस्थकर्ता, जग्गा कारोबारीलगायत सबै सरकारी नीति अनुसार दर्ता भई प्रचलित कानुन अनुसार आर्थिक कारोबार गर्न उत्सुक हुनु पर्छ । मानव बेचबिखन, भ्रष्टाचार, दलाली र बिचौलियाको राइँदाइँलाई तत्काल निषेध गर्नु पर्छ । आर्थिक क्रियाकलापमा बैङ्किङ प्रणाली र समुचित पारदर्शितामा अग्रसरता कायम गर्नु पर्छ। आमराजनीतिज्ञले आआफ्नो सम्पत्ति सार्वजनिक गर्नु पर्छ । कारण, उनीहरू समाजका पथप्रदर्शक हुन् । यसै गरी कर्मचारीतन्त्रका निश्चित माथिल्ला पदाधिकारी र संवेदनशील कार्यालयको वर्गीकरणमा पर्ने सबै कर्मचारीको सम्पत्ति विवरण पनि सार्वजनिक हुनु पर्छ । यसमा निजी क्षेत्र र गैससमा कार्यरत निश्चित तहसम्मका पदाधिकारीको सम्पत्ति पनि सार्वजनिक गर्नु पर्छ । आमव्यवसायमा अनिवार्य कम्प्युटर बिलिङ प्रणाली र निश्चित सीमामाथिको कारोबारमा नगद लेनदेन निषेध गर्नु पर्छ। हाल यस्तो अधिकतम सीमा पाँच लाख रुपियाँलाई तोकिएको छ।

वाणिज्य बैङ्क र वित्तीय संस्था, उच्च जोखिममा रहेका सहकारी संस्था, क्यासिनो, बहुमूल्य धातु रत्नको कारोबार व्यवसाय, मदिरा र सुर्तीजन्य वस्तुको कारोबार, घरजग्गा खरिदबिक्री र व्यवसायलगायतमा उच्च जोखिम देखिएकाले यी क्षेत्रमा सुपरिवेक्षण र अनुगमनमा प्रभावकारिता ल्याउनु पर्छ । यसका लागि तत् क्षेत्रका नियामक निकायलाई सबलीकरण गर्नुको विकल्प छैन। नेपाल राष्ट्र बैङ्कले सबै बैङ्क तथा वित्तीय संस्थालाई उचित नियन्त्रण र निगरानीमा राख्नु पर्छ। सहकारी विभागको सङ्गठनात्मक सुधार र कानुन परिमार्जनसहित सहकारी संस्थालाई समुचित नियमन गर्न सक्ने हुनु पर्छ । क्यासिनो सञ्चालनको अनुमति दिने पर्यटन मन्त्रालयबाट ती निकायको गतिविधि निगरानीका लागि विद्युतीय अनुगमन प्रणाली विकास गर्न ढिला गर्नु हुँदैन । सीमावर्ती क्षेत्रमा पर्यटन प्रवर्धनको आडमा हुने कालो धन्दा, मानव बेचबिखन, लागुपदार्थको कारोबार, देहव्यापार, शान्तिसुरक्षा माथि हुने थ्रेटलाई नियन्त्रण जस्ता कार्यमा कठोर हुनै पर्छ। सुन, चाँदी र हिराको कारोबार, मदिरा एवं रियलस्टेटको कारोबारमा पनि विशेष निगरानी अवलम्बन गर्न ढिला गर्नु हुँदैन।

नेपाल राष्ट्र बैङ्कमा शङ्कास्पद वित्तीय कारोबारको निगरानी गर्न वित्तीय जानकारी एकाइ (एफआइयु) खडा गरिएको छ । सो एकाइमा प्राप्त सूचनाका आधारमा गत आर्थिक वर्ष २०८१/८२ मा करिब ३० प्रतिशतले शङ्कास्पद कारोबार वृद्धि भएको चिन्ताजनक तथ्याङ्क हालै सार्वजनिक भएको छ । अर्थात् गत आवमा नौ हजार ५६५ कारोबार शङ्कास्पद देखिएका छन् । यर्थाथमा यी सबै कारोबार अपराधसँग जोडिएका भने होइनन्, तथापि संवेदनशील हुनुपर्ने स्थिति सिर्जना भएको भने पक्कै हो । सन् २००८ मा नेपाल राष्ट्र बैङ्कमा स्थापित यस एकाइले शङ्कास्पद कारोबारको अनुगमन गरिरहेको छ । निरन्तरको निगरानीले क्रमशः शङ्कास्पद कारोबार वृद्धि हुँदै गएको देखाउनु निश्चय नै चिन्ता र चासोको विषय हो। मूलतः यो एकाइ गठन भई निरन्तर निगरानी बढाउनुलाई 'ग्रे' लिस्टबाट हट्ने एउटा सशक्त माध्यमका रूपमा बुझ्नु पर्छ । यसले हाम्रो रिपोर्टिङको दायरा वृद्धि भएकोमा अन्तर्राष्ट्रिय जगत्बाट प्रशंसा भएको छ। यसरी प्राप्त हुने शङ्कास्पद कारोबारलाई मिहिन ढङ्गले केलाउँदा खासै ठुला अपराधजन्य घटना भने भेटिएको छैन। यो भने खुसीको विषय हो ।

नेपाल राष्ट्र बैङ्कको वित्तीय जानकारी एकाइमा प्राप्त हुने शङ्कास्पद कारोबारको सूचना अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउँदा भ्रष्टाचारजन्य गतिविधि नियन्त्रण गर्न सघाउ पुगेको छ। यस्ता सूचना नेपाल प्रहरीमा प्रेषित गर्दा अपराध नियन्त्रणमा सघाउ पुगेको छ । यसै गरी राजस्व अनुसन्धान विभागमा यस्ता शङ्कास्पद सूचना पुग्दा छली भएको राजस्व असुल उपर हुन्छ भने सहकारी विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा यस्ता सूचना पुग्दा कारबाहीको दायरा फराकिलो हुन मद्दत पुगेको छ। यस अतिरिक्त नियामक निकायका रूपमा रहेका बिमा प्राधिकरण, समाज कल्याण परिषद् जस्ता निकायले पनि यस्ता शङ्कास्पद सूचना हासिल गरी सम्भावित गैरकानुनी कार्य नियन्त्रण गरेका छन् । विशेष गरी हुन्डी कारोबार, भर्चुअल करेन्सी, नागरिकता र राहदानीमा हेराफेरी, तस्करी गर्नेहरू कानुनको दायरामा आएका छन् । यी सबै कार्यबाट नेपाल 'ग्रे' लिस्टबाट बाहिर निस्किने वातावरण निर्माण भएको छ।

नेपाल सन् २०२३ फेब्रुअरीमा फाइनान्सियल एक्सन टाक्स फोर्सले नेपाललाई 'ग्रे' लिस्टमा राखेको हो । यसबाट नेपालको अन्तर्राष्ट्रिय साखमा प्रश्न उठेको छ । नेपालको अन्तर्राष्ट्रिय व्यापारमा अप्रत्यक्ष रूपमा अवरोध सिर्जना भएका छन् । कैयौं मुलुकमा प्रवेश गर्न नेपालीले भिसा पाउने प्रक्रिया कठोर भएका छन् । यसरी 'ग्रे' लिस्टमा मुलुक पर्दा यसले चौतर्फी नकारात्मक असर परेको कुरालाई बेवास्ता गर्न मिल्दैन । यसर्थ सबैले आफ्नो स्थानबाट गैरकानुनी हर्कत नियन्त्रण गर्न योगदान गर्नु पर्छ । खुला सिमानाबाट सामान चोरी गर्दा सस्तोमा उपभोग गर्न पाइन्छ। बजारमा भ्याट बिल जारी गर्दा सरकारलाई तिर्नुपर्ने करबापतको रकम बचत भई किफायती मूल्यमा सामान पाइन्छ। जग्गाको कारोबारमा दलालीलाई पैसा खुवाउने र न्यून मूल्यमा जग्गाको रजिस्ट्रेसन पारित गर्दा सस्तोमा जग्गा पाइन्छ । दलाललाई पैसा खुवाएर चोरी बाटोबाट आफूले चाहेको मुलुकमा सहजै पुगी वैदेशिक रोजगारीबाट मनग्गे आम्दानी हुन्छ भन्ने जस्ता भ्रमबाट माथि उठ्नु पर्छ । यस्ता गैरकानुनी र नैतिक पतन हुने कार्य कसैले पनि गर्न गराउन हुँदैन । यसबाट नेपाल सदाका लागि 'ग्रे' लिस्टको दलदलमै फसिरहने हुन्छ।

'ग्रे' लिस्टमा पर्नुलाई हाम्रो आर्थिक कारोबार पारदर्शी छैन, समयमै सुधार गर्नु पर्छ भनी विश्व जगत्ले दिएको चेतावनी हो भनी बुझ्नु पर्छ। यसमा प्रस्ताव गरिएका विश्वव्यापी सुधारलाई आत्मसात् गर्दा हाम्रो आन्तरिक राजस्व वृद्धि हुन्छ। हाम्रो आर्थिक अनुशासन बलियो बन्छ । हाम्रा लगानी पारदर्शी भई नाफाको समान वितरण हुन्छ। यसबाट सबै नेपाली आर्थिक रूपमा सक्षम हुने मार्गप्रशस्त हुन्छ। अन्यथा जोसँग पैसा छ, उनैकहाँ पैसा थुप्रिन थाल्छ। स्रोत नखुलेको सम्पत्ति लगानी हुँदैन। लगानीबिना रोजगारीको अवसर सिर्जना हुँदैन । यसरी हामी आर्थिक कुशासनको दुश्चक्रमा फस्दै जान्छौं । हाम्रो मुलुक यससम्बन्धी कानुन निर्माणमा पछाडि परेर 'ग्रे' लिस्टमा परेको भने होइन । बरु मौजुदा कानुन प्रभावकारी रूपमा कार्यान्वयन नभएकाले 'ग्रे' लिस्टमा परेको हो । कानुनी राज्यमा कानुनको पालनामा अडिग हुनु पर्छ ।

कसरी नेपाल 'ग्रे' लिस्टमा पऱ्यो होला भनी आमनेपालीले चिन्ता गर्नु र चासो देखाउनु स्वाभाविकै हो । यसको उत्तर खोजी गर्दा मुलुकमा भ्रष्टाचार बढेको आकलन गर्न सकिन्छ । मानव बेचबिखन फस्टायो भन्न सकिन्छ । खुला सिमानामा व्यापक तस्करी भयो होला भन्ने अनुमान गर्न सकिन्छ। न्यून बीजकीकरणमा व्यापारी अभ्यस्त भए भन्ने आकलन गर्न सकिन्छ । दलालीतन्त्र सर्वत्र मौलाएको अनुमान गर्न सकिन्छ। गैरसरकारी संस्थाको कामकारबाही अपारदर्शी भयो। धर्म परिवर्तनको नाममा अवैध रकम भित्रियो । यस्ता विविध कार्यबाट आर्जित रकमको स्रोत खुलाउन सक्ने अवस्था रहेन । जस कारण सम्पत्ति शुद्धीकरण अनुसन्धान र अन्तर्राष्ट्रिय आतङ्कवादमा लगानी हुन सक्ने आशङ्का वृद्धि भयो र विविध सूचक खस्किएका कारण मुलुक 'ग्रे' लिस्टमा परेको अनुमान गर्न सकिन्छ। यी अनुमानित कार्यलाई निस्तेज गर्र्नुको विकल्प छैन।

नेपाल राष्ट्र बैङ्कले जारी गर्ने मासिक समष्टिगत अर्थतन्त्रका सूचक सकारात्मक रहेका छन् । आमनेपालीले आर्थिक कार्य बैङ्कमार्फत गर्न थालेका छन् । बिमा र सेयर कारोबार पनि वृद्धि भइरहेको छ । आयातनिर्यात व्यापार, आन्तरिक उत्पादन, उद्योग सञ्चालन र निकासी पनि आफ्नै लयमा छ । आममानिसका दैनिक उपभोग्य वस्तुको उपलब्धता सहज छ । महँगी पनि नियन्त्रणमा छ। यसरी अर्थतन्त्र सबल हुँदाहुँदै हामी एफएटिएफद्वारा 'ग्रे' लिस्टमा परेका छौं । यसबाट बाहिरिन गैरकानुनी कार्यलाई निस्तेज गर्न राज्य प्रणाली र आमनागरिक आआफ्नो स्थानबाट खबरदारीमा सक्रिय हुनुको विकल्प छैन। गोपबाट

# योग्य, उम्मेदवार र राम्रो पार्टीलाई समेत जनताले किन भोट दिँदैनन् ?



• विश्वास दीप तिगेला

राम्रो नैतिकता र राम्रो भिजन भएको योग्य उम्मेदवार र राम्रो नीति भएको राजनीतिक पार्टीलाई पनि किन नेपाली जनताले भोट दिँदैनन् ? किनकि नेपालीहरूले मतदान गर्दा विभिन्न मापदण्डहरूलाई आधार बनाउने गरेको पाइन्छ । आफ्नो राजनीतिक पार्टीप्रति निष्ठा, आफ्नै वंश वा नातागोताका उम्मेदवारलाई समर्थन गर्ने प्रवृत्ति, विगतमा अप्ठ्यारो परेको समयमा कसले सहयोग गऱ्यो भन्ने आधारमा गुण फर्काउने सोच, आफ्नो शत्रुको ठीकविपरीत उम्मेदवारलाई भोट दिने व्यवहार, आफू वा आफ्ना परिवारका सदस्यलाई कसले जागिर दिलायो, भविष्यमा जागिर वा अन्य अवसर कसबाट प्राप्त हुन सक्छ, भोलि अप्ठ्यारो पर्दा कसले सहयोग गर्न सक्छ भन्ने आशा, तथा साथीसंगीको प्रभावमा परेर पनि मतदान गर्ने गर्दछन् ।

त्वतब
ँगतगचभककयात
च्वत्इएब्त्क्ष एब्त्व्इ

फ्रान्सका पूर्वसम्राट नेपोलियन बोनापार्टले भनेका थिए- मानिसहरू ठुला नीति होइन, साना प्रतीक, सम्मान, भावनात्मक कुरा र झुटा आश्वासनमा सजिलै आकर्षित हुन्छन् । त्यस्तै बेलायतका पूर्वप्रधानमन्त्री विन्स्टन चर्चिलले पनि भनेका छन्- धेरै मतदाताले नीति, योग्यता र दीर्घकालीन प्रभावभन्दा पनि नारा, जात, धर्म, क्षेत्र, क्षणिक फाइदालाई प्राथमिकता दिन्छन् । यी दुई भनाइसँग मिल्दोजुल्दो प्रवृत्ति नेपाली समाजमा पाइन्छ ।

ँबिहृष कगलचष्कभ दबलप

अझ थप विकृति पनि छ, त्यो भनेको पैसा दिने र भोट दिनुपर्छ भनी कसम खुवाउने, तामा छुवाउने, वा मासु-रक्सी जसले खुवाउँछ, त्यही व्यक्तिलाई भोट दिने प्रवृत्ति ।

क्जष्खक ऋझभलत

राजनीतिक पार्टीसँग आबद्ध नभएका व्यक्ति जो आफैँमा सक्षम छन्, कसैको निगाह र सहयोग नचाहिने अवस्थाका व्यक्तिले भने पार्टी र उम्मेदवारको घोषणापत्र तथा नीतिको आधारमा मतदान गर्ने गरेको पाइन्छ। त्यस्ता व्यक्तिले सधैँ एउटै पार्टी भनिरहँदैनन्, राम्रा व्यक्ति र पार्टीलाई मतदान गर्ने गर्दछन् । त्यस्ता व्यक्ति तथा परिवार सहरी क्षेत्रमा बढिरहेका हुन्छन्, तर यी वर्गका मतदाताहरू कुल मतदाताहरूमध्य कति प्रतिशत छन्, यकिन गर्न गाह्रो छ ।नेपाली समाज जातको नाममा विभाजित छ, धर्मको नाममा विभाजित छ, भौगोलिक क्षेत्रीयताको नाममा विभाजित छ, धनी गरिब वर्गीयताको नाममा विभाजित छ र लैङ्गिक हिसाबले पनि विभाजित छ, तर विशेषतः नयाँ पुस्ताहरूमा यी कुराहरूको प्रभाव छैन वा कम छ र शहरीया शिक्षित वर्गमा पनि कम भएको मान्न सकिन्छ। अझ गहिरिएर यी विषयहरूमा तल चर्चा गरौँः

नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापित भएको लामो समय भइसक्दा पनि चुनावी परिणामहरू हेर्दा योग्यता, नैतिकता र दीर्घकालीन भिजन भएका उम्मेदवार तथा स्पष्ट नीति बोकेका राजनीतिक पार्टीहरू अपेक्षाकृत कमजोर देखिन्छन् । यसको सट्टा, पटक-पटक उही अनुहार र उही प्रवृत्ति दोहोरिएको देखिन्छ। यसले नेपाली समाज र राजनीतिक संस्कृतिभित्रको समस्याले गहिरो रूपमा जरा गाडेका केही यथार्थलाई उजागर गर्छ ।

नेपाली समाजमा राजनीतिप्रतिको विश्वास क्रमशः कमजोर बन्दै गएको छ । विगतमा गरिएका वाचा पूरा नहुनु, भ्रष्टाचारका घटना दोहोरिनु र सत्तामा पुगेपछि जनताको आवाज सुन्ने संस्कार कमजोर हुनुका कारण 'राम्रो मान्छे आए पनि केही बदलिँदैन' भन्ने सोच धेरैमा बसिसकेको छ । यस्तो निराशावादी मानसिकताले इमानदार र भिजनयुक्त उम्मेदवारलाई पनि भोट दिन नचाहने अवस्था सिर्जना गरेको छ।

अर्को महत्त्वपूर्ण कारण आर्थिक अवस्था हो। ठुलो संख्यामा जनता दैनिक जीवनयापनकै चिन्तामा छन् । दीर्घकालीन नीति, सुशासन र संरचनागत सुधारभन्दा तत्कालीन राहत, व्यक्तिगत सहयोग वा सानो फाइदाले मतदातालाई आकर्षित गरेको पाइन्छ। यसले राम्रो नीति बोकेका पार्टीहरूलाई कमजोर बनाउँछ, किनकि उनीहरूको एजेन्डा तुरुन्त देखिने लाभभन्दा भविष्यकेन्द्रित हुन्छ।

नेपाली समाजमा जात, क्षेत्र, नातागोताको राजनीति अझै प्रभावशाली छ। धेरै मतदाताले उम्मेदवारको नैतिकता वा क्षमतालाई भन्दा पनि 'आफ्नो मान्छे' भन्ने आधारमा निर्णय गर्छन् । यसले योग्य भए पनि बाहिरबाट आएका, नयाँ सोच बोकेका वा परम्परागत सञ्जालमा नजोडिएका उम्मेदवारलाई घाटा पुऱ्याउँछ।

राजनीतिक शिक्षा र सूचनाको अभाव पनि ठुलो समस्या हो । धेरै मतदाताले पार्टीका घोषणापत्र पढ्ने, नीतिगत भिन्नता बुझ्ने वा उम्मेदवारको दीर्घकालीन दृष्टि विश्लेषण गर्ने अवसर वा बानी पाएका छैनन्। भावनात्मक भाषण, लोकप्रिय नारा र सामाजिक सञ्जालमा फैलिने गलत सूचनाले मतदाताको सोच सजिलै प्रभावित हुने गरेको छ। चुनावी प्रक्रियामा पैसाको प्रभाव बढ्दै जानुले नैतिक र सक्षम उम्मेदवारहरू झन् पछाडि पर्दै गएका छन् । ठुलो खर्च गरेर प्रचार गर्न सक्ने, प्रभावशाली सञ्जाल चलाउन सक्ने र शक्ति प्रदर्शन गर्न सक्ने उम्मेदवारहरू बढी देखिने भएकाले जनताको ध्यान पनि उनीहरूतर्फ नै जान्छ । राम्रो नीति र भिजन भए पनि प्रचार र स्रोतको अभावले त्यस्ता उम्मेदवार ओझेलमा पर्छन्।

अन्ततः राज्यका संस्थाहरू बलियो नहुनु र कानुनको प्रभावकारी कार्यान्वयन नहुनुले जनताको आशा कमजोर बनाएको छ। राम्रो नीति भएका पार्टीहरू पनि सत्तामा पुगेपछि संस्थागत बाधा, आन्तरिक राजनीति र पुरानै संरचनाका कारण अपेक्षित काम गर्न नसक्दा जनतामा 'नीति कागजमै सीमित हुन्छ' भन्ने धारणा बलियो भएको छ।

यसरी हेर्दा, नेपाली जनताले राम्रो नैतिकता, राम्रो भिजन र राम्रो नीति भएका योग्य उम्मेदवार वा पार्टीलाई भोट नदिनु केवल चेतनाको कमी मात्र होइन, यो सामाजिक, आर्थिक र संस्थागत समस्याहरूको परिणाम हो । जबसम्म राजनीतिक शिक्षा, आर्थिक सुरक्षा र संस्थागत विश्वास बलियो हुँदैन, तबसम्म लोकतन्त्रमा गुणस्तरभन्दा पनि प्रभाव र पहुँच नै निर्णायक भइरहने देखिन्छ।

विभिन्न तहमा, क्षेत्रमा, पार्टी केन्द्रदेखि टोल कमिटीसम्म पार्टीको संगठन र सिन्डिकेटका कारण पनि मतदानमा निर्णायक भूमिका खेल्ने भएकोले लोकप्रिय, जनप्रिय नेता तथा राजनीतिक पार्टीलाई नैतिक समर्थन हुनसक्छ, तर मतदानको सहयोग प्राप्त नहुन सक्छ । तथापि सबैमा यो कुरा लागु हुँदैन । धेरै नेपालीले चुनावलाई राष्ट्रिय पर्वको रूपमा लिन्छन् र अन्य मुलुकको तुलनामा अत्यधिक नेपालीहरू मतदानमा सहभागी हुने गर्दछन् ।

पार्टीभित्र अवसरबाट वञ्चित पार्टीकै नेता कार्यकर्ताहरूले विद्रोह गर्ने, दलभित्र अन्तर्घात गर्ने, दलदलबिच साँठगाँठ गर्ने संस्कार भएकोले सधैँ योग्य, नैतिकवान उम्मेदवार र पार्टीलाई जनताले भोट दिँदैनन्। पछिल्लो समय नेपाली समाज पनि सोसल मिडियामा परनिर्भर भइदिँदा डिपस्टेट अर्थात् प्रभावशाली बाहिरिया मुलुकका विभिन्न निकायहरूको भूमिकाले ठुलो असर पर्ने गरेको देशविदेशको अभ्यासमा देखिन्छ। जस्तैः फेसबुक, एक्स, इन्स्टाग्राम, युट्युबहरू अमेरिकाद्वारा उत्पादित र नियन्त्रित सोसल मिडिया हुन्। सोसल मिडियाले कसको कुन कुरा कसलाई देखाउने, कुन कुरा लुकाउने आदि नियन्त्रण गर्ने भएकोले यसको प्रभाव ठुलो पर्ने देखिन्छ । डिपस्टेटहरूले स्वयं व्यक्तिलाई थाहै नदिई उसलाई एजेन्टको रूपमा काम लगाइरहेको हुन्छ।

यसर्थ राम्रा सक्षम नेता र राम्रा पार्टीहरूले पैसा बाँड्ने, सोसल मिडियामार्फत अफवाह फैलाउने आदि कार्यविरुद्ध सावधानी अपनाउँदै नयाँ परिवेशअनुसार तयारी गर्न आवश्यक देखिन्छ । सोसल मिडियाको प्रभावकै एक हिस्साको रूपमा गत भदौ २३-२४ को जेनजी विद्रोहलाई लिनुपर्दछ। चुनावको बखत बुझ्नपर्ने एक सवाल ससाना राजनीतिक पार्टीहरू विभाजित हुने र दलबदल बढी हुने भएकोले मत संख्या थपिने वा भोट स्विङ हुने गर्दछ, र त्यही स्विङ भोटले मतपरिणाम अनपेक्षित बनाउन सक्दछ । त्यसैले, त्यस्ता दल वा समूहको साथ लिन सक्नुले परिणाम निर्णायक हुन सक्दछ।

❖ बाँकी अन्तिम पृष्ठमा

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

# INTERIM FINANCIAL STATEMENTS AS ON POUSH 30, 2082

**Excel Development Bank Limited**
**Condensed Statement of Financial Position**
**As on quarter end 30 Poush 2082 (14 January, 2026)**

The Bank
Figures in NPR

| Particulars | This Quarter Ending | Immediately Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 1,127,842,611.87 | 1,487,408,026.66 |
| Due from Nepal Rastra Bank | 1,575,726,537.04 | 611,096,415.18 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to BFIs | 122,388,264.39 | 190,333,110.25 |
| Loans and Advances to Customers | 12,434,382,017.86 | 12,103,836,717.35 |
| Investment Securities | 3,863,246,414.55 | 4,003,561,054.61 |
| Current Tax Assets | 44,435,249.86 | 48,588,474.00 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 414,763,529.77 | 414,763,529.77 |
| Property and Equipment | 179,042,186.09 | 183,155,861.17 |
| Goodwill and Intangible Assets | 1,159,281.88 | 1,360,886.78 |
| Deferred Tax Assets | - | - |
| Other Assets | 70,628,506.48 | 126,008,790.97 |
| **Total Assets** | **19,833,614,599.80** | **19,170,112,866.73** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 163,214,090.37 | 253,177,479.33 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 17,102,473,827.50 | 16,498,527,056.86 |
| Borrowings | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | 14,295,813.29 | 14,295,813.29 |
| Deferred Tax Liabilities | 147,779,962.81 | 128,954,536.89 |
| Other Liabilities | 182,061,467.65 | 183,831,261.32 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **17,609,825,161.62** | **17,078,786,147.69** |
| **Equity** | - | |
| Share Capital | 1,249,694,470.93 | 1,249,694,470.93 |
| Share Premium | 9,075,470.15 | 9,075,470.15 |
| Retained Earnings | 93,226,157.16 | 26,067,970.61 |
| Reserves | 871,793,339.93 | 806,488,807.35 |
| **Total Equity Attributable to Equity Holders** | **2,223,789,438.17** | **2,091,326,719.04** |
| Non Controlling Interest | - | - |
| **Total Equity** | **2,223,789,438.17** | **2,091,326,719.04** |
| **Total Liabilities and Equity** | **19,833,614,599.80** | **19,170,112,866.73** |

**Excel Development Bank Limited**
**Condensed Statement of Profit or Loss**
**For the quarter ended 30 Poush 2082 (14 January, 2026)**

The Bank
Figures in NPR

| Particulars | Current Year | | Previous Year Corrosponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 279,603,959.21 | 568,040,864.30 | 238,743,502.87 | 544,056,506.40 |
| Interest Expense | 144,115,461.87 | 299,221,122.86 | 162,481,064.60 | 347,609,753.20 |
| **Net Interest Income** | **135,488,497.34** | **268,819,741.44** | **76,262,438.26** | **196,446,753.19** |
| Fee and Commission Income | 25,732,480.21 | 47,265,888.92 | 21,289,584.90 | 40,952,043.80 |
| Fee and Commission Expense | 4,309,104.61 | 7,344,095.90 | 2,287,516.57 | 4,282,933.96 |
| **Net Fee and Commission Income** | **21,423,375.60** | **39,921,793.02** | **19,002,068.33** | **36,669,109.84** |
| **Net Interest, Fee and Commisson Income** | **156,911,872.94** | **308,741,534.46** | **95,264,506.59** | **233,115,863.03** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 376,058.66 | 2,567,369.78 | 939,671.91 | 2,020,313.76 |
| **Total Operating Income** | **157,287,931.60** | **311,308,904.24** | **96,204,178.51** | **235,136,176.80** |
| Impairment Charge / (Reversal) for Loans and Other Lossess | (154,467,002.34) | 3,937,247.59 | (7,466,484.46) | 174,118,780.13 |
| **Net Operating Income** | **311,754,933.93** | **307,371,656.65** | **103,670,662.97** | **61,017,396.66** |
| **Operating Expense** | | | | |
| Personnel Expenses | 57,809,453.68 | 112,437,849.86 | 41,584,495.37 | 89,205,302.63 |
| Other Operating Expenses | 27,419,828.48 | 52,118,316.76 | 23,068,511.08 | 49,454,207.13 |
| Depreciation & Amortisation | 5,680,573.72 | 11,767,319.23 | 6,536,927.91 | 12,893,189.07 |
| **Operating Profit** | **220,845,078.05** | **131,048,170.80** | **32,480,728.61** | **(90,535,302.17)** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | 4,567,134.62 | 4,567,134.62 | - | - |
| **Profit Before Income Tax** | **216,277,943.43** | **126,481,036.18** | **32,480,728.61** | **(90,535,302.17)** |
| Income Tax Expense | | | | |
| Current Tax | 37,944,310.85 | 37,944,310.85 | - | - |
| Deferred Tax | - | - | - | - |
| **Profit/(Loss) for the Period** | **178,333,632.58** | **88,536,725.32** | **32,480,728.61** | **(90,535,302.17)** |
| **Earnings per Share** | | | | |
| Annualized Basic Earnings per Share | | 14.17 | | (14.49) |
| Annualized Diluted Earnings per Share | | 14.17 | | (14.49) |
| **Condensed Statement of Other Comprehensive Income** | | | | |
| **Profit (Loss) for the Period** | **178,333,632.58** | **88,536,725.32** | **32,480,728.61** | **(90,535,302.17)** |
| **Other Comprehensive Income, Net of Income Tax** | **103,827,420.07** | **43,925,993.80** | **12,945,870.41** | **124,487,110.40** |
| **Total Comprehensive Income for the Period** | **282,161,052.64** | **132,462,719.13** | **45,426,599.02** | **33,951,808.23** |

**Excel Development Bank Limited**
**Ratios as per NRB Directive**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | - | 13.68% | - | 12.47% |
| Tier 1 Capital to RWA | - | 11.97% | - | 10.81% |
| Non-Performing Loan(NPL) to Total Loan | - | 7.07% | - | 8.56% |
| Total Loan Loss Provision to Total NPL | - | 92.77% | - | 82.73% |
| Cost of Funds | - | 3.42% | - | 4.54% |
| Credit to Deposit Ratio | - | 75.87% | - | 80.73% |
| Base Rate | - | 5.98% | - | 7.21% |
| Interest Rate Spread | - | 4.57% | - | 4.46% |
| Return On Equity | - | 4.10% | - | -4.68% |
| Return On Assets | - | 0.45% | - | -0.54% |

**Excel Development Bank Limited**
**Statement of Distributable Profit**
**For the quarter ended 30 Poush 2082 (14 January, 2026) (As per NRB Regulation)**

| Particulars | Current Year Up to This Quarter (YTD) | Previous Year Corresponding Quarter (YTD) |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **88,536,725.32** | **(90,535,302.17)** |
| **Appropriations:** | | |
| a. General reserve | (17,707,345.06) | - |
| b. Foreign exchange fluctuation fund | (584.88) | (1,625.33) |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | (885,367.25) | - |
| e. Employees' training fund | (4,847,587.31) | (4,601,426.17) |
| f. Other | 1,616,142.16 | 1,987,063.35 |
| **Profit or (loss) before regulatory adjustment** | **66,711,982.97** | **(93,151,290.31)** |
| **Regulatory adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | 446,203.57 | 12,079,477.57 |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | - | 5,055,472.33 |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | - |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Acturial loss recognised (-)/reversal (+) | - | - |
| i. Other (+/-) | - | - |
| **Net profit for the quarter end 30th Poush 2082 availiable for distribution** | **67,158,186.54** | **(76,016,340.41)** |
| **Opening Retained Earning as on Shrawan 01. 2082** | **26,067,970.61** | **(11,718,670.53)** |
| Adjustment (+/-) | - | - |
| **Distribution :** | - | - |
| Bonus Share Issued | - | - |
| Cash Dividend Paid | - | - |
| **Total distributable profit or (loss) as on 30th Poush 2082** | **93,226,157.15** | **(87,735,010.95)** |
| Annualised Distributable Profit/loss per Share | 12.83 | (14.04) |

**Notes to the Interim Financial Statements**

| | |
|---|---|
| 1 | The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank . |
| 2 | The Interest income of the bank has been recognized as per the "Guidance Note on Interest Recogonition ,2025" issued by Nepal Rastra Bank. |
| 3 | Previous period figure have been regrouped / rearranged/ restated wherever necessary. |
| 4 | Loans and Advances are presented net of impairment charges. |
| 5 | Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities. |
| 6 | The detailed Interim Report has been published in the Bank's Website. |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित दोस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विश्लेषण**

(क) आ.व. २०८२/८३ को दोस्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ। यस वित्तीय संस्थाको सम्बन्धित पक्षवीच कारोवार रहेको छैन।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| अनुपातहरु | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी (वार्षिक) | रु १४।१७ | पि.ई. अनुपात (वार्षिक) | ४१।९९ |
| प्रतिशेयर नेटवर्थ | रु १७७।९५ | तरलता अनुपात | ३३।३४ |
| प्रतिशेयर कूल सम्पत्ती | रु १,५८७।०८ | | |

**२. व्यवस्थापकीय विश्लेषण**

(क) यस बैंकले आ.व.२०८२/८३ मा व्यवसायिक योजनानुसार बैंकको निक्षेप एवं कर्जा कारोबारमा यथोचित वृद्धि गर्दै लैजाने, बैंकको ग्राहक सेवा स्तरमा वृद्धि गरिने, व्यवसायीक विकासका लागी नयाँ शाखाहरु खोल्ने एवं भैरहेको शाखाहरुको स्तर वृद्धि गर्दै लैजाने नीति रहेकोमा सोही अनुसार कामहरु भईरहेका छन्।

(ख) हाल देखिएको कर्जा प्रवाहमा संकुचन तथा कर्जा असूलीमा समेत समस्या उत्पन्न भई बैंकको समग्र नाफा तथा वितरणयोग्य नाफामा प्रत्यक्ष प्रभाव पर्न गएको छ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण**

(क) यस त्रयमास अवधिमा यस संस्थाको विरुद्ध एउटा मुद्दा दायर भएको छ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा सस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. शेयर कारोबार सम्बन्धि विश्लेषण**

(क) देशको समष्टिगत शेयर बजारको कारोबारमा उतारचढाब आई यस बैंकको शेयर कारोबार पनि खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको।

(ख) शेयर कारोबार तर्फ यस त्रैमासको कारोबार (नेपाल स्टक एक्सचेञ्ज लि. को वेव साइट अनुसार)

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु ६६७।०० | न्यूनतम मूल्य | रु ५४५।०० |
| अन्तिम मूल्य | रु ५९५।०० | कुल कारोबार शेयर संख्या | ८,४५,७८०।०० |
| जम्मा कारोबार दिन | ५५ | | |

**५. समस्या तथा चुनौती**

(क) बैंक तथा वित्तीय संस्थाहरुको बाक्लो र बढ्दो उपस्थिती एवं एक-आपस विचको तिब्र प्रतिस्पर्धाको कारणले यस बैंकको व्यापारमा प्रभाव परेको छ।

(ख) समय समयमा नियामक नियकायबाट जारी निर्देशनहरुको कार्यान्वयन गर्नेक्रममा बैंकको आम्दानीमा संकुचन भएको छ।

बर्तमान असहज परिस्थतीमा समेत यस बैंकले उपयुक्त व्यवसायिक नीति लिई ग्राहकहरुको सदाझै यस बैंक प्रति रहि आएको विश्वासमा अभिवृद्धि गराई समग्र कारोवारमा संन्तोषजनक रुपमा वृद्धि गरी सुदृढ तरलताको स्थिति तथा खुद मुनाफा बृद्धि गर्न प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्दै गएको छ। बैंकले नयाँ सेवाहरुको आवश्यकतालाई महसुस गरि आधुनिक बैंकिङ्गका बिबिध प्रबिधिहरुलाई आत्मसात गर्दै आएको छ।

**६. संस्थागत सुशासन**

यस बैंक सर्वसाधारण जनताको पहुँच भित्र रहेको र बैंकले लक्षित गरेको ग्राहकहरु पनि यसै समुह भित्र भएकाले ग्राहकहरुको बैंक प्रतिको विश्वासलाई कायम राख्न एवं विश्वासमा वृद्धि गरि संस्थालाई सवल, नियमित र पारदर्शी ढंगले चाल्नु पर्ने सत्यतालाई आत्मसात गरी नियमनकारी निकाय नेपाल राष्ट्र बैंक लगायत अन्य सबै निकायहरुका निर्दीष्ट नियमहरु एवं अन्य प्रचलीत नियम कानुनको परिधी भित्र रही यस बैंकको कारोबार स्वच्छ रुपमा संचालन भई आएको छ। साथै बैंकले सुशासन कायम राख्दै संचालन जोखिमहरु कम गरी कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति नियम तथा निर्देशिकाहरुको तर्जूमा गरी लागु गरीएको, आन्तरिक लेखा परीक्षण समितिको बैठक र आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई समिति तथा लेखापरिक्षकवाट प्राप्त सुझावहरु कार्यान्वयन तथा समिक्षा गर्ने गरिएको तथा तदानुसार आवश्यक सुधारका कार्यहरु गर्ने गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।